ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
ईश्वरपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

प.सं. :- २०७७/०७८
च.नं. :- ४०१

मिति :२०७७/०८/०९.

सुचना! सुचना !! सुचना !!!

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ मा संघिय सरकारको सशर्त अनुदानबाट प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अर्न्तगत साना व्यबसायिक उत्पादन केन्द्र (पकेट) निर्माणका लागी ईश्वरपुर नगरपालिका अर्न्तगत तपशिलका कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समुह/कृषि सहकारी/माछा फार्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०७७/०८/२३ गते भित्रमा ईश्वरपुर नगरपालिका पशु सेवा शाखामा अनुसुची-७ अनुसारको आधारभुत तथ्याङ्क फारम र अनुसुचि-१० अनुसारको आवेदन दर्ता गर्नु हुन सम्वन्धीत सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागी ईश्वरपुर नगरपालिका पशु सेवा शाखामा सम्पर्क गर्नुहोला।

(क) कार्यक्रम : माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम-६ हेक्टरको लागी (लागत साझेदारी) पकेट संख्या-१

**निवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु :**

१. सम्वन्धीत निकायमा कृषक समुह/कृषि सहकारी/माछा फार्महरुको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
४. कार्य समितिको निर्णयको प्रतिलिपी।
५. सम्वन्धीत वडा कार्यालयको सिफारिस।

पुष्करमणि घिमिरे
(शाखा अधिकृत)